# तनहुँ जिल्लाको धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको कार्ययोजना तयार गर्नका लागि प्राविधिक सेवा उपलब्ध गराउने

## **कार्य क्षेत्रगत शर्तहरु** (टर्म्स अफ रेफरेन्स)

## १. पृष्ठभूमि

तनहुँ जिल्लाका विभिन्न स्थानमा रहेका धार्मिक पर्यटन, साहित्यिक पर्यटन, ऐतिहासिक पर्यटन, सांस्कृतिक पर्यटन, प्राकृतिक पर्यटन, कृषि तथा खेल लगायतका अन्य पर्यटन क्षेत्रको विशेष महत्व रहेको छ । विभिन्न कालखण्डमा ऋषिमुनिहरुले तपस्या गरेका स्थानहरुको ऐतिहासिक तथा धार्मिक महत्व छ भने तालतलैया, झरना, गुफा र खोलानालाहरुको प्राकृतिक महत्व छ । त्यसै गरी विभिन्न जातजातिहरुको संस्कृतिले त्यो क्षेत्रको आकर्षण र पर्यटकीय सम्भावना बढाएको छ । तर यी सम्भावनाहरु हुँदाहँदै पनि स्पष्ट कार्ययोजना, आवश्यक पूर्वाधार, स्थानीय स्तरमा उद्यमशीलता र निजी क्षेत्रको लगानीको अभावले गर्दा ती क्षेत्रहरुमा आशातीत विकास हुन सकेको छैन ।

हाल त्यस क्षेत्रको समग्र विकासका लागि योजनाबद्ध ढंगले अगाडि बढनु पर्छ र केन्द्रीय तथा स्थानीय स्तरमा उपलब्ध साधन र स्रोतलाई उक्त योजना अनुसार सदुपयोग गरी तनहुँ जिल्लालाई एक उत्कृष्ट पर्यटकीय क्षेत्रका रुपमा विकास गर्न सकिन्छ भन्ने विश्वास राजनीतिक दल लगायत सबै सरकारवाला पक्षको भएकोले तनहुँ जिल्ला समन्वय समिति, नेपाल पर्यटन बोर्ड र स्थानीय नगरपालिकाले संयुक्त रुपमा योजना तर्जुमा गर्ने सोंच बनाएको छ ।

## २. उद्देश्यः

परामर्श सेवाको मुख्य उद्देश्य तनहुँ जिल्लाको धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहाँसिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, सम्वर्द्धन र विकासको लागि एकिकृत पर्यटन गुरु योजना बनाउने रहेको छ ।

## ३. कार्यक्षेत्रगत शर्तहरुः

१. तोकिएका स्थानहरुको स्थलगत भ्रमण गरी स्थान विशेषको महत्व, उपलब्ध स्रोत साधनको आँकलन तथा मूल्याङ्कन गरी सो स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधारको विकास गर्न सकिन्छ, त्यस्को नक्सा सहितको प्रस्ताव तयार गर्ने ।
२. तोकिएका स्थलहरुको एक आपसको सम्पर्क (लिंकेज) स्थापित गर्न यातायात र संचारको नेटवर्कको खाका तयार गरी नक्शा सहित पेश गर्ने ।
३. व्यास गुफा र पराशर आश्रम वरिपरिको तोकिएको क्षेत्रको नक्शा सहितको विस्तृत योजना तयार गर्ने
४. साहित्यिक पर्यटकीय क्षेत्र भानु जन्मस्थल चुंदी रम्घाको नक्शा सहितको बिस्तृत योजना तयार गर्ने ।

५. ऐतिहाँसिक पर्यटकीय क्षेत्र तनहुँसुरको नक्शा सहितको बिस्तृत योजना तयार गर्ने ।
६. सो योजना कार्यान्वयन गर्नका लागि आवश्यक रकमको अनुमान गरी त्यसको स्रोतको पहिचान गर्ने ।

**४. कार्य सम्पादन विधि**

१. तनहुँ जिल्लाको प्रोफाइल, टोपोग्राफिकल नक्शा र संन्दर्भ सामग्रीको (राष्ट्रिय पर्यटन योजना, क्षेत्रीय स्तरका पर्यटन योजना र कार्ययोजनाहरु र कार्यक्रमहरु संकलन र अध्ययन गर्ने ।
२. तोकिएका स्थलहरुको भ्रमण गरी स्थानीय समुदायसँग अन्तरकृया गर्ने ।
३. जिल्ला समन्वय समिति, नगरपालिका, गाउँपालिका, राजनीतिक दल, गैरसरकारी संघ संस्था, स्थानीय सराकार समूह र वुद्धिजीविसँग भेटघाट गरी सुझाव संकलन गर्ने ।
४. कुन स्थानमा के कस्ता भौतिक तथा सामाजिक पूर्वाधार उपलब्ध छन् त्यसको नक्शा तथा सूचि तयार गर्ने ।
५. उपलब्ध पूर्वाधारको लेखाजोखा गरी के कस्ता पूर्वाधारको विकास गर्नु पर्ने हो, त्यसको प्रस्ताव तयार गर्ने जसमा आवश्यक नक्शा डिजाइन तथा लागत इष्टिमेट समावेश हुनेछ ।
६. कार्ययोजनाको खाकामा जिल्लास्तरमा सवै सरोकारवाला पक्षसँग बसी छलफल गर्ने र प्राप्त सुझावका आधारमा प्रतिवेदनलाई अन्तिम रुप दिई नगरपालिकामा पेश गर्ने ।

**५. परामर्शदाता टोलीमा उपलब्ध हुनुपर्ने जनशक्तिः**

-सहरी योजनाकार

-पर्यटन विज्ञ

-इतिहास तथा संस्कृति विद्

-भूगोल शास्त्री

-आर्किटेक्ट

-सिभिल इञ्जिनियर

-ड्राप्टपर्सन

उपरोक्त प्राविधिक टोलीमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त व्यक्ति हुनुपर्नेछ ।

**६. समय सीमा**

उक्त कार्यका लागि समय सीमा ३ महिना तोकिएको छ । परामर्श सेवा मितिसम्म सम्पन्न गरिसक्नुपर्नेछ ।

**७. प्रतिबेदन पेश गर्ने विधिः**

१. काम शुरु गरेको १५ दिनभित्र आफूले गर्ने काम र कार्य सम्पादन विधि, कार्य तालिका सहित आवश्यक पर्ने कागजात, सूचना जानकारी वा स्थानीय स्तरमा उपलब्ध गराउनु पर्ने सहयोगका बारेमा स्पष्ट उल्लेख भएको प्रारम्भिक प्रतिवेदन (इन्सेप्सन रिपोर्ट) पेश गर्ने ।

२. काम शुरु गरेको २ महिना भित्र मस्यौदा प्रतिबेदनको ३ प्रति पेश गर्ने । मस्यौदा प्रतिवेदनमा नक्शा र सो नक्शालाई व्याख्या गर्ने बुँदाहरु तथा विकास निर्माणका लागि आवश्यक लागत इष्टिमेट समावेश हुनुपर्नेछ ।
३. काम शुरु गरेको ३ महिनाभित्र मस्यौदा प्रतिवेदनमा प्राप्त सुझाव समावेश गरी अन्तिम प्रतिवेदन ३ प्रति पेश गर्नुपर्नेछ ।

नक्शा वाहेक सम्पूर्ण प्रतिवेदन संक्षिप्त रुपमा नेपाली भाषामा लेखिएको हुनुपर्नेछ ।

## ८. कार्ययोजनामा समावेश गर्नुपर्ने स्थलहरुः

व्यास नगरपालिका र आसपासका न.पा.तथा गा.पा.हरु भानु नगरपालिका भिमाद नगरपालिका म्याग्दे गाउँपालिका बन्दीपुर गाउँपालिका देवघाट गाउँपालिका, रिसिङ गाउँपालिका भित्र पर्ने

१. व्यास परासर
२. भानु जन्मस्थल चुँदी रम्घा
३. तनहुँसूर
४. छाव्दी बराह
५. देवघाट
६. मानुडाँडा
७. बन्दीपुर
८. साथै ढोरबराह, दगाम र छिमकेश्वरी तथा अन्य तोकिएका स्थानहरु

## ९. सेवा सम्वन्धी अन्य कुराहरुः

क. परामर्शदाता टोलीलाई आवश्यक पर्ने सूचनाहरु यथासम्भव सम्वन्धित निकायले उपलब्ध गराउने छ र उपलब्ध हुन नसकेको अवस्थामा परामर्शदाताले आफैले खोजी गर्नुपर्ने हुन्छ ।
ख. कार्य सम्पादनका सिलसिलामा स्थानीय निकाय, समुदाय लगायत सवै सरोकारवाला निकाय तथा पक्षसँग अनिवार्य रुपमा छलफल गर्नुपर्नेछ ।
ग. परामर्शदाता टोलीले जिल्लास्तर, स्थानीयस्तरीय नक्शा सहितको (नयाँ पर्यटकीय स्थलहरुलाई के गर्ने र उक्त स्थलहरुको संक्षिप्त विवरण बनाउने आदि) तयार गर्नु पर्नेछ जुन कागज र डिजिटल रुपमा उपलब्ध गराउनु पर्नेछ ।
घ. परामर्शदाता टोलीको कार्यक्षेत्रगत शर्तहरु आवश्यकता अनुसार थपघट हुन सक्नेछ ।